Patan Gyansagar, 7(1), 126-139, June 2025, ISSN: 2467-9534

# ब्लुमफिल्ड र चम्स्कीका भाषिक दर्शनको तुलना

हर्कबहादुर शाही*
त्रिभुवन विश्वविद्यालय अनुसन्धान निर्देशनालय

वीरेन्द्रकुमार बुढा
द्रोणाचल बहुमुखी क्याम्पस दुल्लु दैलेख
*Corresponding Author. Email: shahiharka482075@gmail.com

Received: August, 2024, Revised: February, 2025, Accepted: June, 2025

Copyright © 2025 The Author(s)

https://doi.org/10.3126/pg.v7i1.79578

**लेखसार**

प्रस्तुत लेखमा संरचनावादी भाषावैज्ञानिक लियोनार्ड ब्लुमफिल्ड र अब्राहम नोम चम्स्कीका भाषिक दर्शनको तुलना गरिएको छ । यिनका भाषिक दर्शनमा पाइने समानता र भिन्नताको तुलनात्मक अध्ययन गरी भाषाशिक्षणमा पारेको प्रभावको चर्चा गर्ने उद्देश्यले गरिएको यस अध्ययनका लागि पुस्तकालयीय कार्य र अनलाइनबाट सामग्री सङ्कलन गरिएको छ । गुणात्मक ढाँचाको यस अध्ययनमा शीर्षकसम्बद्ध सैद्धान्तिक पुस्तक, शोधपत्र, शोधप्रबन्ध र अनुसन्धनात्मक लेखरचनाहरू जस्ता द्वितीयक स्रोतका सामग्री मात्र प्रयोग गरिएको छ । सङ्कलित सामग्रीलाई तुलनात्मक वा व्यतिरेकी विश्लेषण पद्धतिको उपयोग गरी व्याख्या विश्लेषण गरिएको छ । अमेरिकाली संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्डले सन् १९३० मा भाषा नामक पुस्तक प्रकाशित गरेपछि भाषाको अध्ययन परम्परामा संरचनावादी दृष्टिकोणको विकास भएको देखिन्छ । चम्स्कीले सन् १९५९ मा भाषासिकाइसम्बन्धी उक्त अवधारणाको खण्डन गरेपछि भाषाशिक्षणका क्षेत्रमा नयाँ हलचल पैदा भएको देखिन्छ । ब्लुमफिल्ड र चम्स्की दुवैले भाषाकै क्षेत्रमा अध्ययन गरेको देखिन्छ । ब्लुमफिल्डले भाषिक आर्जनका सन्दर्भमा उत्तेजना–प्रतिक्रिया र पुनर्बलीकरणका प्रक्रियालाई मानेका अनि आत्मा, मन तथा चेतनाजस्ता अमूर्त कुरालाई नमानेका तर चम्स्कीले तिनै बुद्धिवादीरूको समर्थन गरेर मान्छेले जन्मजात रूपमा ल्याएर आएको भाषा प्राप्ति संयन्त्रका सहयोगले वातावरणको भाषा सिक्छ भन्ने मान्यताको विकास गरेको निष्कर्ष अध्ययनबाट निकालिएको छ ।

**प्रमुख शब्दावली:** बुद्धिवाद, भाषाआर्जन, रूपान्तरण, व्यवहारवाद, संरचनावाद

## १. विषय परिचय

भाषिक दर्शन भनेको भाषाको स्वरूप, अर्थ, प्रयोग र यथार्थसँगको सम्बन्धबारे गहिरो दार्शनिक अन्वेषण हो । यो दर्शनशास्त्रको एउटा शाखा हो, जसले भाषा कसरी काम गर्छ, मानिसहरूले भाषामार्फत् कसरी अर्थ व्यक्त गर्छन् र भाषाको संरचना तथा प्रयोगले सोच, ज्ञान र यथार्थलाई कसरी प्रभाव पार्छ भन्ने विषयमा अध्ययन गर्छ । भाषिकदर्शन विशेष गरी शब्द, वाक्य, अर्थ, सन्दर्भ सत्य, व्याख्या र संवादको अवधारणाहरूमा केन्द्रित रहन्छ । भाषिक दर्शन भन्नाले भाषाको प्रकृति, उत्पत्ति, र प्रयोगबारे तर्कसङ्गत ढङ्गले गरिने अनुसन्धान हो (*Lycan,2008)* । लियोनार्ड ब्लुमफिल्ड (सन् १८८७–१९४९) र अब्राहम नोम चम्स्की (सन् १९२८) दुवै अमेरिकी भाषावैज्ञानिक हुन् । ब्लुमफिल्डले अमेरिकी संरचनावादको विकास गरेका छन् भने चम्स्कीले त्यही संरचनावादी व्याकरणका सीमाहरूको निराकरण गर्ने क्रममा रूपान्तरण व्याकरणको विकास गरेका छन् । भाषाशिक्षणमा भाषावैज्ञानिक अध्ययनको उपयोग गर्ने अभिरूचिबाट प्रायोगिक भाषाविज्ञानको सुरूवात भएको देखिन्छ । प्रायोगिक भाषाविज्ञानको सबैभन्दा विकसित क्षेत्र भाषाशिक्षणलाई मानिन्छ । भाषाशिक्षणका सन्दर्भमा विकसित विभिन्न मोडहरूमध्ये संरचनावादी मोडको प्रतिनिधित्व ब्लुमफिल्डले गरेका छन् भने मनोवादी मोडको प्रतिनिधित्व चम्स्कीले गरेका छन् । दुवै जनाले अमेरिकामा बसेर भाषाविज्ञानको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याएका छन् । अमेरिकाली भाषा वैज्ञानिक ब्लुमफिल्डलेसन् १९३० मा भाषा नामक पुस्तक प्रकाशित गरेपछि भाषाको अध्ययन परम्परामा संरचनावादी दृष्टिकोणको विकास भएको देखिन्छ । ब्लुमफिल्डको प्रयासमा सन् १९२४ मा लिङ्ग्विस्टिक्स सोसाइटी अफ अमेरिका नामक संस्थाको स्थापना भएको देखिन्छ । उनले यस संस्थाको स्थापनाबाट अमेरिकी संरचनावादको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । भाषाशिक्षणमा व्याकरणानुवाद पद्धतिको बोलवाला रहेका बेला भाषाको कथ्य रूपभन्दा लेख्य रूपलाई जोड दिई त्यसै अनुसार भाषाशिक्षण गर्ने गरिएको देखिन्छ । ब्लुमफिल्डको भाषा नामक पुस्तक प्रकाशमा आएपछि भाषाको अध्ययनमा संरचनावादको दूरगामी प्रभाव परेको हो । यसको प्रभावमा सन् १९४० र १९५० को दशकमा दोस्रो वा विदेशी भाषा सिकाउन र द्वितीय विश्वयुद्धमा सैनिकहरूलाई विदेशी भाषा सिकाउन आर्मी मेथडको उपयोग गरिएको पाइन्छ । संरचनावादी भाषावैज्ञानिक अध्ययनको सैद्धान्तिक अवधारणाको उपयोग गरेर भाषाशिक्षणमा श्रुतिभाषिक पद्धतिको विकास भएको देखिन्छ । यस पद्धतिले भाषालाई लेखाइ नभई बोलाइ मानेको छ । यसमा मूलवक्ताले जे बोल्छ त्यसलाई भाषा मानिएको र त्यसबाट भाषामा समानता र भिन्नताहरू हुन्छन् भन्ने मान्यताको विकास भएको पाइन्छ । भाषा बानी हो, बौद्धिक प्रक्रिया होइन र भाषाका बारेमा नभई भाषा सिकाउनमा जोड दिने यो पद्धतिमा ब्लुमफिल्डको संरचनावादी भाषाविज्ञानको गहिरो छाप परेको देखिन्छ ।

अनुभववादी दर्शन, व्यवहारवादी सिद्धान्त र संरचनावादी भाषाविज्ञानको बोलवाला रहेको बेला भाषाकाक्षेत्रमा नयाँ दृष्टिकोणका साथ आधुनिक भाषाविज्ञानका क्षेत्रमा रूपान्तरण व्याकरण ल्याएर चम्स्की देखा परेका हुन् । भाषाविज्ञानका क्षेत्रमा चम्स्कीको त्यो योगदान मनोविज्ञानका क्षेत्रमा फ्रायडले र अर्थशास्त्रका क्षेत्रमा केनिसले दिएका योगदानसँग तुलना गरिएको र यसलाई चम्स्केली क्रान्ति भनिएको छ । चम्स्कीका अनुसार बालकले भाषा सिक्ने अन्तर्निहित क्षमता जन्मजात रूपमा ल्याएर आएको हुन्छ र उनीहरू आफ्नो सुझको प्रयोग गरेर भाषा सिक्दै जान्छन्

भन्ने रहेको छ । चम्स्की अमेरिकी संरचनावादको आधारभूत कुरासँग सन्तुष्ट थिएनन् । भाषा अन्य मानवीय व्यवहारजस्तो उद्दीपन–प्रतिक्रियाबाट निःसृत हुने प्रणाली होइन भन्ने कुरामा चम्स्की स्पष्ट छन् । भाषाका प्रयोगकर्ताहरू हरेक पटक नयाँ नयाँ वाक्यहरू उत्पादन गरिरहने र अन्य वक्ताले बोलेका नयाँ वाक्यहरूलाई सजिलै बुझिरहेको हुने मान्यता चम्स्कीले स्थापित गरेका छन् । हरेक पटक नयाँ वाक्य निर्माण हुनुलाई भाषाको सिर्जनात्मकता मानिएको छ। त्यसैगरी मानिसका बच्चाहरूमा भाषा आर्जन गर्न सक्ने अद्भुत क्षमता हुने जुन अन्य कुनै पनि प्राणीका बच्चामा नहुने कुरा उनले उल्लेख गरेका छन् । बच्चालाई जुन भाषाको वातावरणमा राख्यो, उसले त्यही भाषा प्राप्त गर्छ । मानिसको बच्चाले जुनसुकै भाषा पनि पूर्ण दक्षताका साथ आर्जन गर्न सक्छ। चम्स्कीका अनुसार बच्चाले आफ्नो वरिपरि बोलिएका भाषाका नमुना सुनेका भरमा उनीहरूले यो क्षमता आर्जन गर्ने गर्दछन् । भाषाका वक्ताहरू आफ्नो भाषामा व्यक्त गरिएका गलत वाक्य र ध्वनिहरू पहिचान गर्न तथा सुधार गर्न सक्षम हुन्छन् अर्थात् उनीहरू कुनै वाक्य वा शब्द आफ्नो भाषाको हो कि होइन भनेर चिन्न सक्छन् । चम्स्कीले यस्ता धारणा अगि सारेसँगै बालभाषा विकासको अध्ययनमा धेरैको रूचि बढ्यो र मनोभाषाविज्ञानको अध्ययनको विकास भयो । यसबाट भाषासिकाइ एवम् शिक्षणका क्षेत्रमा नयाँ आयाम थपियो । त्यसपछि भाषा बानीबाट होइन संज्ञानात्मक प्रक्रियाबाट प्राप्त हुन्छ, भाषाको सिकाइ यान्त्रिक नभई अर्थपूर्ण हुन्छ, विद्यार्थी भाषाको सिकाइ सामान्यीकरण विभेदीकरण प्रक्रियाबाट गर्छ आदि धारणाहरू भाषाशिक्षणका क्षेत्रमा देखा परे । जसबाट भाषिक दर्शनका क्षेत्रमा नयाँ धारणा विकसित भयो । प्रस्तुत लेखमा यिनै दुई भाषावैज्ञानिक ब्लुमफिल्ड र चम्स्कीको भाषिक दर्शनका समानता र भिन्नताबारे मात्र अध्ययन गरिएको छ । भाषाविज्ञान र भाषाशिक्षणका क्षेत्रमा अध्ययन गर्न चाहने अध्येता, अनुसन्धाता, शिक्षक, विद्यार्थी सबैलाई यस अध्ययनबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ब्लुमफिल्ड र नोम चम्स्की भाषा अध्ययनका क्षेत्रमा ऐतिहासिक हलचल उत्पन्न गराउने भाषावैज्ञानिकहरू हुन् । जसको बोलवाला भाषाका क्षेत्रमा हालसम्म पनि उत्तिकै रहेको छ । प्रस्तुत लेखमा यिनै संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्ड र मनोवादी भाषावैज्ञानिक नोम चम्स्कीका भाषिक दर्शनमा के कस्ता समानता र भिन्नताहरू रहेका छन् भन्ने सवाललाई प्रमुख समस्याका रूपमा लिइएको छ ।प्रस्तुत लेख संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्ड र मनोवादी भाषावैज्ञानिक नोम चम्स्कीका भाषिक दर्शनको समानता र भिन्नताका आधारमा तुलनात्मक अध्ययन विश्लेषण गर्नुमा केन्द्रित रहेको छ ।

## २. अध्ययन विधि र विश्लेषणको आधार

यो गुणात्मक ढाँचाको अनुसन्धान हो । अध्ययन कार्यको उद्देश्यमा उल्लेख गरेअनुसार यस अनुसन्धानमा संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्ड र मनोवादी भाषावैज्ञानिक नोम चम्स्कीका भाषिक चिन्तमा देखिने समानता र भिन्नताको अध्ययन गर्न द्वितीयक स्रोतका सामग्री र सूचनाहरू मात्र सङ्कलन गरिएको छ । सामग्री सङ्कलनमा पुस्तकालय कार्य र अनलाइन सामग्री उपयोग गरिएको छ । सङ्कलित सामग्रीहरूलाई व्यतिरेकी वा तुलनात्मक अध्ययन पद्धतिका सहायताले तार्किक रूपमा अध्ययन, विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३. परिणाम र विमर्श

अमेरिकी संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्ड र मनोवादी भाषावैज्ञानिक नोम चम्स्की दुवैले भाषाविज्ञानका क्षेत्र अतुलनीय योगदान पुऱ्याएका छन् । भाषाशिक्षण सिकाइमा परम्परागतभन्दा नयाँ ढङ्गले सोच्न बाध्य पार्ने दुवै भाषावैज्ञानिकहरूको अध्ययन र तुलना यसप्रकार गरिएको छः

### ३.१ ब्लुमफिल्डको भाषिक दर्शन

अमेरिकी संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्डको जन्म सन् १८८७ मा अमेरिकाको सिकागोमा र मृत्यु सन् १९४९ मा भएको हो । ब्लुमफिल्डले सन् १९३० र १९४० को बिचमा अमेरिकी संरचनावादको विकास गरेका हुन् । उनले सन् १९३३ मा संरचनावादी भाषाविज्ञानका बारेमा चर्चा गरेका थिए । आधुनिक भाषाविज्ञानको सुरूवातसँगै संरचनात्मक भाषाविज्ञानको सुरूवात भएको हो । संरचनावादको सुरूवात युरोपबाट फर्निडान्ड डी सस्युरलेगरेका हुन् भने अमेरिकामा बोआस र सपिरले गरेको मानिन्छ (न्यौपाने र घिमिरे, २०७३, पृ. ५६) । संरचनावादले कुनै व्यवस्थाका बाह्य संरचनाको विश्लेषण गर्न त्यसको आन्तरिक संरचनासँग सम्बद्ध नियम तथा सन्दर्भलाई जनाउँछ । संरचनावाद दोस्रो विश्वयुद्धपछि फ्रान्समा जन्मेको मानवतावाद र खासगरी जँ पाल सात्रको अस्तित्ववादका प्रतिक्रियाका रूपमा देखा परेको एउटा पद्धति हो (शर्मा र लुइँटेल, २०७६, पृ. २५८) । संरचनावादलाई विकसित गर्न जेनेभा सम्प्रदाय, रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, कोपनहेगेन सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, बेलायती सम्प्रदाय र अमेरिकाली सम्प्रदाय तथा त्यससँग सम्बन्धित विद्वानहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यी सम्प्रदायहरूमध्ये अमेरिकाली सम्प्रदायसँग ब्लुफिल्ड सम्बन्धित छन् ।

सन् १९३३ मा ब्लुमफिल्डले भाषा नामक पुस्तक प्रकाशित गरेपछि भाषाको अध्ययनमा संरचनावादी दृष्टिकोणको पकड दह्रो हुन पुग्यो र भाषाशिक्षणका क्षेत्रमा दूरगामी प्रभाव पऱ्यो (अधिकारी, २०६५, पृ. १००) । यसबाट भाषाको अध्ययन गर्न चाहनेहरूलाई भाषिक संरचनाको अध्ययनतर्फ ध्यान केन्द्रित गरायो । भाषा कसरी आर्जन हुन्छ भन्ने बारेमा बिसौँ शताब्दीमा आएका विभिन्न धारणाहरूमध्ये व्यवहारवादी र मनोवादी दुईवटा धारणा बढी चर्चित छन् (ढकाल, २०७४, पृ. १०४) । व्यवहारवादी सिद्धान्तले हरेक मानव व्यवहारलाई उत्तेजना र प्रतिक्रियाका रूपमा लिए । ब्लुमफिल्डले पनि भाषालाई एउटा मानव व्यवहारका रूपमा लिए र भाषालाई उत्तेजना र प्रतिक्रिया नै माने । उनले भाषाको अर्थ वक्ताको उत्तेजना र श्रोताको प्रतिक्रियाका रूपमा लिए (यादव र रेग्मी, २०५९, पृ. २८९) । यसप्रकार अमेरकाली संरचनावादमा व्यवहारवादी मनोविज्ञानको ठुलो प्रभाव परेको छ । व्यवहारवाद ब्लुमफिल्डका समयमा अमेरिकामा हुर्केर विकसित भइसकेको थियो । त्यसैले उनको धारणा स्किनरको शाब्दिक व्यवहारको सिकाइबाट पनि

प्रभावित देखिन्छ (डिलर्स र म्याटर्स, सन् २००७) । सिकाइमा भएका खोज अनुसन्धानहरूबाट पनि व्यवहारवादी सिद्धान्तले समर्थन प्राप्त गरेको हुँदा भाषाशिक्षणमा यसको प्रभाव थियो । यस्तै अनुभववादी दर्शनले पनि संरचनावादको विकासमा सहयोग पुर्‍याएको देखिन्छ (बन्धु, २०७०, पृ. ६६–६७) । ब्लुमफिल्डले भाषिक अध्ययनका लागि अपनाउन सकिने पद्धति वा प्रक्रियाका बारेमा चर्चा गरेका छन् । उनले भाषाको ऐतिहासिक तथा तुलनात्मक रूपमा अध्ययन, जर्मन ध्वनि र रूप रचनाको चर्चा, भाषाका शब्द, वाक्य अनि भाषाको वैज्ञानिक र दार्शनिक पक्षको अध्ययन गरेका थिए । उनले भाषामा हुने विभेदक ध्वनि लक्षणले युक्त रूपलाई वर्ण र लघुतम मुक्त रूपलाई शब्द मान्दै मुक्त र बद्ध रूपको चर्चा गर्नुका साथै वाक्यलाई स्वतन्त्र भाषिक एकाइ मानेका थिए (न्यौपाने र घिमिरे, २०७३, पृ. ५९)। संरचनावादी भाषावैज्ञानिक अध्ययन र व्यवहारवादी मनोविज्ञानको सैद्धान्तिक अवधारणालाई उपयोग गरेर भाषाशिक्षणमा श्रुतिभाषिक पद्धतिको विकास भएको देखिन्छ । ब्लुमफिल्ड बुद्धिवादको विरोध र अनुभववादको समर्थन गर्दै अनुभवजन्य विषयवस्तुको अभिव्यक्तिमा जोड दिएर शिक्षण गर्न सुझाउँछन् । ब्लुमफिल्डका अनुसार भाषा बोलाइ हो, लेखाइ होइन र मूलवक्ताले जे बोल्छ त्यो भाषा हो त्यसैले भाषा शिक्षणमा बोलाइलाई जोड दिनुपर्दछ । त्यसैगरी भाषामा समानता र भिन्नताहरू हुन्छन्, तिनको अध्ययन गरेर भाषा शिक्षण गरिनुपर्छ । भाषा बौद्धिक प्रक्रियाबाट होइन बानीको विकास गरेर सिकाउन सकिन्छ । भाषाशिक्षण गर्दा भाषाका बारेमा नभई भाषा सिकाउनुपर्छ अर्थात् व्याकरणका नियमहरू घोकाएर भाषा सिकिँदैन ।

यसप्रकार ब्लुमफिल्डले भाषाविज्ञानलाई मनोविज्ञान, दर्शन, मानवशास्त्र आदिसँग जोडेर भन्दा वस्तुपरक ढङ्गले अध्ययन गरेका छन् । भाषाका लेख्य रूपलाई नभई कथ्य रूपलाई वास्तविक रूप मानेका छन् । उनले भाषापाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण र मानकीकरण, अनुवाद, शैलीविज्ञान आदि क्षेत्रका साथै मानवशास्त्रीय परिप्रेक्ष्य र सांस्कृतिक सापेक्षतामा जोड दिएर भाषाशिक्षण गर्नमा जोड दिएका छन् । भाषा शिक्षण गर्दा विद्यार्थीलाई व्यवहारमा उतार्न सक्ने अभ्यास, बोलाइको प्रवाह, भाषिक परिवेश र अनुभवबाट सिकाइने दृष्टिकोणलाई प्राथमिकता दिनुपर्छ भन्ने सन्देश दिएका छन् । यस्ता दृष्टिकोणहरूले संप्रेषणात्मक दक्षता विकासमा टेवा पुऱ्याउँछन् र भाषा शिक्षणलाई जीवनोपयोगी बनाउँछन् ।

ब्लुमफिल्ड (सन् १९३३) को भाषिक दर्शन संरचनावाद र व्यवहारवादमा आधारित रहेको पाइन्छ । उनले भाषा अध्ययनलाई एक वैज्ञानिक र वस्तुगत विधामा परिणत गर्ने प्रयास गरे, जहाँ भाषाको अर्थभन्दा ढाँचागत स्वरूपलाई विशेष प्राथमिकता दिइयो। उनले भनिनु अनुसार, "भाषाविज्ञानको उद्देश्य भनेको मानव भाषाको संरचना र त्यसको विधिपूर्वक विश्लेषण हो।" उनले भाषालाई स्वर, रूप, र वाक्य संरचना जस्ता घटकहरूमा विश्लेषण गर्नुपर्ने औपचारिक ढाँचा निर्माण गरे ।

ब्लुमफिल्डको भाषिक अवधारणाले अमेरिकी संरचनावादी आन्दोलनलाई बलियो आधार प्रदान गऱ्यो। उनका शिष्य हकेट (Hockett, 1958) ले भनेका छन्, "ब्लुमफिल्डको *भाषा* (सन् १९३३) पुस्तक अमेरिकी भाषाविज्ञानमा विधिपूर्वक अनुसन्धानको मानक बनेको थियो।" यसले व्याकरणको विवरणात्मक मोडेल निर्माण र भाषिक यथार्थको व्याख्यामा मद्दत पुर्यायो। त्यसैगरी लायन्स (Lyons, 1968) ले ब्लुमफिल्डको अवधारणालाई समर्थन गर्दै लेख्छन्, "Bloomfield's conception of linguistics as an autonomous science of observable data laid the groundwork for American structuralism for decades" (p. 33)।

हालैका अध्ययनहरूले पनि ब्लुमफिल्डको विधिपरक दृष्टिकोणको मूल्याङ्कन गरेका छन् । ग्लिसन (Gleason, 1961) का अनुसार, ब्लुमफिल्डले भाषाको विवरणलाई रूपात्मक र वितरणात्मक विश्लेषणद्वारा वैज्ञानिक विधिमा रूपान्तरण गरेका थिए । उनले भाषा अनुसन्धानलाई यथार्थ अवलोकनका आधारमा विश्लेषण गर्नुपर्ने आवश्यकतामा जोड दिएका थिए। यसरी हेर्दा, ब्लुमफिल्डको संरचनात्मक दृष्टिकोणले आधुनिक भाषाविज्ञानको विकासमा मूलभूत आधार तयार गरेको देखिन्छ, जसलाई लायन्स, हकेट, ग्लिसन, न्यूमायर जस्ता अनुसन्धाताहरूले पनि समर्थन गरेका छन्। नोम चम्स्की (सन् १९५९) ले ब्लुमफिल्डको व्यवहारवादी दृष्टिकोणको आलोचना गर्दै भाषिक सिर्जनात्मकताको ख्याल नगरेको आरोप लगाएका छन्, उनले पनि स्वीकार गरेका छन् कि ब्लुमफिल्डको योगदानले भाषाविज्ञानलाई वैज्ञानिक अनुशासनको रूपमा स्थापित गरिदिएको थियो। न्यूमायर (Newmeyer, 1986) ले यसबारे लेख्छन्, "Although later deemed limited in scope, Bloomfield's approach represented the first serious attempt to make linguistics a truly empirical science" (p. 47)। ब्लुमफिल्डको संरचनावादी र व्यवहारवादी भाषिक दर्शनले २०औँ शताब्दीको भाषाविज्ञानमा वैज्ञानिक ढाँचाको विकास र विश्लेषणात्मक विधिको आधारशिला स्थापना गरेको स्पष्ट देखिन्छ, जुन पछिल्ला अनुसन्धानकर्ताहरूबाट पनि सशक्त समर्थन प्राप्त गर्न सफल भएको छ।

### ३.२ नोम चम्स्कीको भाषिक दर्शन

अब्राहम नोम चम्स्कीको जन्म सन् १९२८ डिसेम्बर ७ मा अमेरिकाको फिलाडेल्फिया राज्यमा भएको हो । यिनले संरचनावादी भाषाविज्ञान तथा अनुभववादी र व्यवहारवादी मनोविज्ञानको विरोध गरी भाषाविज्ञान एवम् भाषासिकाइका क्षेत्रमा नयाँ दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । चम्स्कीको उदय हुनुभन्दा अगि अमेरिकामा संरचनावादी भाषिक सिद्धान्त अनुभववादी दर्शन एवम् व्यवहारवादी मनोविज्ञानले व्यापक प्रभाव पारेको थियो (न्यौपाने र अन्य, २०६७, पृ.१७३) । ब्लुमफिल्डले व्यवहारवादी मनोविज्ञानकै आडमा भाषाको परिभाषा, प्रयोजन र आर्जनको कुरा

गरेका थिए । व्यवहारवाद भनेको मनोविज्ञानका क्षेत्रमा प्रचलित अनुभववादकै रूप हो । व्यवहारवादको जन्म पशुहरूमाथि गरिएको अनुसन्धानबाट भएको हो र भाषिक आर्जनका सन्दर्भमा उत्तेजना प्रतिक्रिया र पुनर्बलीकरणका प्रक्रियालाई मान्ने तर आत्मा मन तथा चेतनाजस्ता अमूर्त कुरालाई नमान्ने हुनाले चम्स्कीका बुद्धिवादी धारणालाई अनुभववादीहरू मनोवादी सिद्धान्त भनी आलोचना गर्छन् । चम्स्कीले तिनै बुद्धिवादीहरूको समर्थन गरेर मान्छेले जन्मजात रूपमा ल्याएर आएको विशेषताको सहयोगले वातावरणको भाषा सिक्ने कुरा बताए (बन्धु, २०७०, पृ. १५१) । अमेरिकी संरचनावादीहरू ब्लुमफिल्ड, हेरिस, हकेट, ग्लिसन आदि कसैले पनि अध्ययन गरेनन् । यसै दृष्टिकोणका आधारमा चम्स्कीले सन् १९५७ मा आन्तरिक संरचना र बाह्य संरचनाको विकास गरेको देखिन्छ(न्यौपाने र अन्य, २०६८, पृ. ३८) । उनको रूपान्तरण व्याकरण संरचनावादी व्याकरणका सीमाहरूको निराकरण गर्ने सन्दर्भमा भएको हो । चम्स्कीले आफ्नो विद्यावारिधिको शोधग्रन्थ ट्रान्सफर्मेसनल एनालाइसिस (सन् १९५५) र सिन्ट्याटिक स्ट्रक्चर्स (सन् १९५७) पुस्तकका माध्यमबाट सन् १९५७ मा संरचनावादी भाषिक विश्लेषण पद्धतिभन्दा भिन्न नयाँ भाषिक पद्धतिलाई अगाडि सारे जसलाई शास्त्रीय सिद्धान्त भनिन्छ (न्यौपाने र अन्य, २०६७, पृ. १७३) । त्यसपछि उनका मानक सिद्धान्त (सन् १९६५), विस्तारित मानक सिद्धान्त (सन् १९७०), संशोधित विस्तारित मानकसिद्धान्त (सन् १९७५), अनुशासन र आबद्धता सिद्धान्त (सन् १९८०), न्यूनतावादी सिद्धान्त (सन् १९९५) जस्ता सिद्धान्तहरू देखापरेका छन् ।

चम्स्कीले सन् १९५९ मा भाषासिकाइसम्बन्धी स्किनरको अवधारणाको खण्डन गरेपछि भाषाशिक्षणका क्षेत्रमा श्रुतिभाषिक पद्धतिको विश्वासमा कमी आयो । बालकले भाषा सिक्ने अन्तर्निहित क्षमता जन्मजात लिएर आएको हुन्छ । चम्स्कीकाअनुसार बालकले प्रारम्भिक सिकाइमा केही त्रुटिहरू गरे तापनि ती त्रुटिहरूको सामान्यीकरण गरेर सिक्दै जानाले उनीहरू आफ्नो सुझको उपयोग गर्छन् भन्ने प्रमाणित हुन्छ (अधिकारी, २०६५, पृ. १०१) । चम्स्कीले गरेको यस व्याख्याले बालभाषा विकासको अध्ययनमा व्यापक अभिरूचि बढ्यो । त्यसपछि मनोभाषाविज्ञानसम्बन्धी अध्ययनको प्रशस्त विकास भयो र भाषासिकाइ तथा शिक्षणको व्याख्यामा हलचल पैदा हुनुका साथै नयाँ आयाम थपियो । बालककहरूमा भाषा सिक्ने आन्तरिक क्षमता वा सामथ्र्य रहेको हुन्छ जसलाई भषा प्राप्ति संयन्त्र भनिन्छ। उनले भाषा सिकाइमा भाषा प्राप्ति संयन्त्रको महत्त्वपूर्ण भूमिका उल्लेख गरे (भण्डारी र पौड्याल, २०७३, पृ. ९९)। चम्स्कीले भाषाविज्ञानका क्षेत्रमा अनुभववादी दर्शन एवम् व्यवहारवादी मनोविज्ञानको विरोध र बुद्धिवाद र मानसिकतावादी अवधारणाको समर्थन गरे । उनले भाषिक सम्पादनमा नभएर सामथ्र्यमा जोड दिए र भाषिक सार्वभौमिकताको खोजी र द्विस्तरीय संरचनाको स्वीकार गरे । त्यसैगरी भाषिक सिर्जनशीलता वा उत्पादनशीलतामा जोड दिँदै वाक्यवादी व्याकरणात्मक अवधारणालाई स्वीकार गरे ।

चम्स्की अन्य मानवीय व्यवहारजस्तो भाषा उद्दीपन–प्रतिक्रियाबाट निःसृत हुने प्रणाली होइन भन्ने कुरामा स्पष्ट थिए। युरोपको ध्यान पनि विशुद्ध भाषाभन्दा पनि समग्र सामाजिक विषयमा बढी केन्द्रित थियो। यही पृष्ठभूमिमा

चम्स्कीको ध्यान भाषाको सिर्जनात्मकता, बालबालिकाद्वारा हुने भाषा आर्जन र भाषाका वक्ताहरू आफ्नो भाषामा व्यक्त गरिएका गलत वाक्य र ध्वनिहरू पहिचान गर्न तथा सुधार गर्न सक्षम हुन्छन् भन्ने मौलिक तथ्यहरूमा केन्द्रित भयो (लोहनी, २०७६)। भाषाका प्रयोगकर्ताहरू हरेक पटक नयाँ नयाँ वाक्यहरू उत्पादन गरिरहेका हुन्छन् र अन्य वक्ताले बोलेका नयाँ वाक्यहरूलाई सजिलै बुझिरहेका हुन्छन्। हरेक पटक नयाँ वाक्य निर्माण हुनु भाषाको सिर्जनात्मकता हो। तर खास भाषामा आजसम्म कतिवटा वाक्य बनिसके र भविष्यमा कति नयाँ वाक्य बन्छन् भन्ने लेखाजोखा गर्न सम्भव हुँदैन । त्यसैले भाषाको व्याकरणले भाषाको यो सिर्जनात्मक स्वभावलाई सम्बोधन गर्नुपर्छ। उनका अनुसार, व्याकरणले भाषाका वक्ताको नयाँ वाक्य सिर्जना गर्ने र बुझ्न सक्ने क्षमताको वर्णन र व्याख्या गर्न सक्नुपर्छ। त्यसैगरी चम्स्की मानिसका बच्चाहरूमा भाषा आर्जन गर्न सक्ने अद्भुत क्षमता हुन्छ। बच्चालाई जुन भाषाको वातावरणमा राख्यो, उसले त्यही भाषा प्राप्त गर्छ। बाबुआमाले बोल्नेभन्दा फरक भाषा बोलिने वातावरणमा हुर्काइएको बच्चाको भाषामा बाबुआमाको भाषाको लेस मात्र पनि प्रभाव देखिंदैन। मानिसको बच्चाले जुनसुकै भाषा पनि पूर्ण दक्षताका साथ आर्जन गर्न सक्छ। बच्चालाई सामान्यतया बोल्न सिकाइएको हुँदैन तर पनि उनीहरू आफैं आफ्नो भाषामा पारङ्गत हुन्छन्। आफ्नो वरिपरि बोलिएका भाषाका नमुना सुनेका भरमा उनीहरू यो क्षमता आर्जन गर्छन्। त्यस्तै भाषाका वक्ताहरू आफ्नो भाषामा व्यक्त गरिएका गलत वाक्य र ध्वनिहरू पहिचान गर्न तथा सुधार गर्न सक्षम हुन्छन्। अर्थात् उनीहरू कुनै वाक्य वा शब्द आफ्नो भाषाको हो कि होइन भन्ने चिन्न सक्छन् (बन्धु, २०७०, पृ. १७१–१७३)। चम्स्कीका अनुसार व्याकरणले भाषाका वक्ताहरूको आफैंले वा अरू कसैले बोल्दा गल्ती गरेको र विदेशीले बोलेको पहिचान गर्न सक्ने क्षमताको वर्णन तथा व्याख्या गर्न सक्नुपर्छ। नोम चम्स्कीले २०औं शताब्दीको मध्यतिर भाषाविज्ञानको क्षेत्रमा यस्ता क्रान्तिकारी विचारहरू प्रस्तुत गरे जसले यस क्षेत्रलाई वैज्ञानिक दृष्टिकोणमा परिणत गऱ्यो। भाषाको संरचना, मानव मस्तिष्कको पूर्वनिर्धारित क्षमताहरू, र भाषाको सामाजिक-राजनीतिक प्रयोगको सन्दर्भमा उनका विचारहरू आज पनि सान्दर्भिक छन् (Smith, 1999)। चम्स्कीका भाषाशिक्षणसम्बन्धी दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

१.सार्वभौमिक व्याकरण

चम्स्कीको सार्वभौमिक व्याकरणको सिद्धान्तअनुसार सबै भाषाहरूको आधारभूत संरचना समान हुन्छ। मानव मस्तिष्कमा जन्मजात रूपमा भाषा सिक्ने यन्त्र अर्थात् भाषा प्राप्ति संयन्त्र हुन्छ भन्ने धारणा उनले प्रस्तुत गरेका हुन् (Chomsky, 1965)। बच्चाहरूले थोरै इनपुटबाट पनि अत्यन्त जटिल व्याकरणीय संरचना निर्माण गर्न सक्ने क्षमता यो सिद्धान्तको प्रमाण हो ।

२. भाषा जन्मजात हुन्छ

चम्स्कीले व्यवहारवादी दृष्टिकोणको खण्डन गर्दै भाषा सिक्ने क्षमता मानिसमा जैविक रूपमा हुने तर्क प्रस्तुत गरे । उनले B.F. Skinner को *Verbal Behavior* पुस्तकको आलोचना गर्दै भने कि भाषा केवल बानी र प्रतिक्रिया प्रणाली होइन, बरु गहिरो मानसिक संरचना हो (Chomsky, 1959)।

३. रूपान्तरणात्मक व्याकरण

यस अवधारणाले सीमित नियमहरूको प्रयोगबाट अनगिन्ती वाक्य संरचनाहरू सिर्जना गर्न सकिन्छ भन्ने देखाउँछ। यसमा आन्तरिक संरचना र बाह्य संरचनाबिचको अन्तर स्पष्ट पारिन्छ (Chomsky, 1965)। उदाहरणका लागि, "Ram eats mango" भन्ने वाक्यको प्रश्नवाचक रूप “Does Ram eat mango?” हो जसमा बाह्य संरचना परिवर्तन भए तापनि आन्तरिक संरचना स्थिर रहन्छ।

४. योग्यता र प्रदर्शन

चम्स्कीले भाषिक क्षमतालाई योग्यता र प्रदर्शन गरी दुई भागमा वर्गीकृत गरे । योग्यता मानिसको आदर्श भाषाज्ञान हो भने प्रदर्शन त्यो ज्ञान व्यवहारमा प्रयोग गर्दा देखिने रूप हो । चम्स्कीका अनुसार भाषिक सिद्धान्तले केवल व्यवहारमा आधारित त्रुटिहरूमा मात्र नभई"आदर्श वक्ता-स्रोता" को अवधारणामा ध्यान दिनुपर्छ (Chomsky, 1965)
।

५. भाषाको आलोचनात्मक सामाजिक प्रयोग

चम्स्की भाषाको केवल संरचनात्मक पक्षमा सीमित छैनन्। उनले भाषा र सञ्चार माध्यमहरूलाई राजनीतिक शक्ति, जनमत निर्माण, र प्रचारको औजारका रूपमा पनि विश्लेषण गरेका छन्। उनका अनुसार, “सत्ता प्राप्त वर्गले भाषाको प्रयोग गरेर मानिसलाई निष्क्रिय र आज्ञाकारी बनाउने प्रयास गर्छन्” (Chomsky, 1989)। यसले भाषाको सामाजिक भूमिका र नैतिक मूल्यमा पनि ध्यान केन्द्रित गराउँछ । नोम चम्स्कीका भाषिक दर्शनहरूले भाषाशास्त्रलाई वैज्ञानिक, मानसिक, र सामाजिक अनुशासनका रूपमा पुनर्परिभाषित गरेका छन् । उनीद्वारा प्रतिपादित सार्वभौमिक व्याकरण, जन्मजात भाषिक क्षमता, रूपान्तरणात्मक संरचना, र भाषाको सामाजिक प्रयोगसम्बन्धी विचारहरूले आजको भाषावैज्ञानिक अनुसन्धानमा गहिरो प्रभाव पारेका छन् ।

चम्स्कीका अनुसार भाषा बानीबाट होइन संज्ञानात्मक प्रक्रियाबाट प्राप्त हुन्छ वा सिकिन्छ । त्यसैगरी भाषाआर्जनसम्बन्धी अनुभववादी दार्शनिक र व्यवहारवादी मनोवैज्ञानिकका धारणा गलत छन् । बालकले जन्मँदा ल्याएर आएको अन्तर्निहित क्षमताको प्रयोग गरेर आफ्नो वातावरणका भाषा सिक्छ । मानिसमा भाषिक सिर्जनशीलता हुन्छ र यसको प्रयोग गरेर भाषा सिक्छ । भाषा सिक्दा सुरूमा केही त्रुटिहरू भए पनि बिस्तारै शिक्षार्थीले सामान्यीकरण विभेदीकरण प्रक्रियाद्वारा भाषा सिकाइ सम्पन्न गर्छ । भाषा सिकाइ यान्त्रिक नभई अर्थपूर्ण हुन्छ अर्थात् कुनै पनि भाषाभाषीले व्याकरणिक र अव्याकरणिक, सार्थक र निरर्थक, स्वीकृत र अस्वीकृत भाषाको प्रयोग छुट्याएर भाषाको प्रयोग गर्ने गर्दछ । एकअर्का भाषाबिच धेरै समानता र भिन्नताहरू पाइन्छन्, तिनमा निहित सार्वभौम पक्षहरूले एकअर्को भाषासिक्न मद्दत गर्दछ । भाषा सिकाइमा त्रुटि स्वाभाविक पक्ष हो, यो अवाञ्छित होइन । अर्थमा खास परिवर्तन नगरेरै एउटै कुरालाई अनेक किसिमले भन्न सक्ने तुल्याउनु रचना शिक्षणको महत्त्वपूर्ण पक्ष हो । दोस्रो भाषा शिक्षणसिकाइका क्रममा रूपान्तरण व्यतिरेकी विश्लेषणले सहयोग पुर्‍याउँछ । यसप्रकार चम्स्कीको भाषिक सिद्धान्त अहिलेसम्मको सबभन्दा महत्त्वपूर्ण प्राप्तिका रूपमा मानिएको भाषा र भाषा उपयोग गर्ने मानवमष्तिष्कको अध्ययन गर्ने सिद्धान्त हो । यसको प्रयोग भाषाविज्ञानका क्षेत्रका साथै दर्शन, मनोविज्ञान, जीवविज्ञान र शिक्षाशास्त्र क्षेत्रमा व्यापक रूपमा भएको देखिन्छ ।

नोम चम्स्कीले प्रतिपादन गरेको "भाषिक सामर्थ्य" को अवधारणा अनुसार मानिसमा जन्मजात रूपमा भाषा सिक्ने र प्रयोग गर्ने क्षमताको अस्तित्व हुन्छ (Chomsky, 1965) । यो धारणालाई अन्य अनुसन्धानकर्ताहरूले पनि पुष्टि गरेका छन् । पिङ्कर (सन १९९४) ले भाषा मानव मस्तिष्कमा विकास भएको एक जैविक संरचना हो भन्ने तर्क गर्दै भाषा सिकाइमा अचेतन प्रक्रियाको महत्त्वलाई जोड दिएका छन् । उनका अनुसार, “भाषा मानव प्रवृत्ति हो, जुन दिमाग र विकाससँग जोडिएको हुन्छ” (पिङ्कर, सन् १९९४,पृ. १८) । यसैगरी हसर, चम्स्की र फिच (सन् २००२) ले "फ्याकल्टी अफ ल्याङ्ग्वेज" शीर्षकको अध्ययनमा मानिसको भाषिक क्षमता अन्य प्रजातिसँग तुलना गर्दा विशिष्ट रहेको र यसमा सार्वभौमिक संरचनात्मक विशेषता पाइने दाबी गरेका छन् । सार्वभौमिक व्याकरणको अवधारणालाई समर्थन गर्दै ज्याकेन्डफ (सन् २००२) ले सबै मानव भाषामा साझा संरचनात्मक ढाँचा पाइने कुरा पुष्टि गरेका छन्, जसले भाषाको सिकाइ र प्रयोगमा सहजता ल्याउँछ भनेका छन् । यसले भाषिक शिक्षामा संस्कृतिभन्दा बढी संज्ञानात्मक प्रक्रियाको भूमिकालाई देखाउँछ । त्यस्तै, भाषिक सिर्जनशीलतासम्बन्धी अवधारणालाई बेबी (सन् २०१०)लेसमर्थन गर्दै भाषा सीमित व्याकरणीय ढाँचाबाट असीमित अभिव्यक्तिहरू निर्माण गर्न सक्ने प्रणाली भएको बताउँछन् । उनका अनुसार, मानिसहरूले पहिले कहिल्यै नसुनिएको वाक्य पनि व्याकरणीय रूपमा सही रूपमा उत्पादन गर्न सक्ने क्षमताले भाषाको सिर्जनशील प्रकृति प्रमाणित गर्दछ । यसरी विभिन्न अध्ययनहरूले चम्स्कीको भाषासम्बन्धी

सिद्धान्तहरूमा भाषिक सामर्थ्य, सार्वभौमिकता, र सिर्जनशीलतालाई सशक्त समर्थन गरेका छन्, जसले मानव भाषालाई एक विशिष्ट संज्ञानात्मक प्रणालीका रूपमा चित्रण गर्छ ।

**३.३ ब्लुमफिल्ड र चम्स्कीका भाषिक दर्शनका समानता**

ब्लुमफिल्ड र चम्स्की दुवै भाषाविज्ञानका प्रमुख व्यक्तित्वहरू हुन्, जसले आ–आफ्ना समयमा भाषिक सिद्धान्तमा गहिरो प्रभाव पारेका थिए। ब्लुमफिल्डले भाषालाई वैज्ञानिक र अनुभवसिद्ध पद्धतिबाट अध्ययन गर्ने प्रयास गरे (ब्लुमफिल्ड, सन् १९३३), भने चम्स्कीले भाषालाई मानव मस्तिष्कसँग गाँसिएको जैविक क्षमता मान्दै क्रान्तिकारी दृष्टिकोण प्रस्तुत गरे (चम्स्की, सन् १९६५) । अमेरिकाली संरचनावादी भाषावैज्ञानिक ब्लुमफिल्ड र मनोवादी भाषावैज्ञानिक नोम चम्स्कीका भाषिक दर्शनमा केही समानताहरू पनि पाइन्छन् ।

ब्लुमफिल्ड र चम्स्की दुवै भाषावैज्ञानिकहरूको अध्ययन भाषासिकाइसँग सम्बन्धित रहेको छ । उनीहरू दुवैले भाषाशिक्षण सिकाइका विधि र प्रक्रियाका बारेमा चर्चा गरेका छन् । उनीहरू दुवै भाषावैज्ञानिकहरू आधुनिक भाषाविज्ञानको विकासपछि देखा परेका हुन् । भाषासिकाइका क्षेत्रमा दुवै भाषावैज्ञानिकहरूले ठुलो हलचल पैदा गराए । दुवैको अध्ययन भाषाको वर्णनात्मक अध्ययनसँग सम्बन्धित छन् । भाषाका वाक्यतहको अध्ययन दुवै भाषावैज्ञानिकले गरेका छन् । दोस्रो भाषा वा विदेशी भाषा शिक्षणका सन्दर्भमा दुवैका धारणा अगि आएका छन् । दुवैले भाषाविज्ञानलाई वैज्ञानिक अनुशासनको रूपमा विकास गर्न योगदान दिए । ब्लुमफिल्डले भाषिक संरचनाहरूको व्यवस्थित र अवलोकन आधारित विश्लेषणमा जोड दिए )ब्लुमफिल्ड, सन् १९३३) ,भने चम्स्कीले भाषालाई मानसिक संरचना र गणनात्मक नियमहरूसँग सम्बन्धित गरी वैज्ञानिक तरिकाले विश्लेषण गरे )चम्स्की, सन् १९६५) । दुवैले भाषाको अध्ययनमा औपचारिक नियमहरूको प्रयोगमा रुचि देखाए । ब्लुमफिल्डले संरचनात्मक नमूनाहरूको वर्गीकरण गरे भने चम्स्कीले रूपान्तरणात्मक व्याकरणमार्फत् व्याकरणीय संरचना निर्माण गर्न नियमहरूको प्रणाली प्रस्तुत गरे।

**३.४ ब्लुमफिल्ड र चम्स्कीका भाषिक दर्शनका भिन्नता**

ब्लुमफिल्ड र चम्स्कीका भाषिक दर्शनमा समानताका साथै केही भिन्नताहरू पनि देखिन्छन् । ब्लुमफिल्ड संरचनावादी भाषावैज्ञानिक हुन् भने चम्स्की मनोवादी भाषावैज्ञानिक हुन् । ब्लुमफिल्डले भाषा (१९३३) पुस्तक प्रकाशित गरेपछि संरचनावादको विकास भयो भने चम्स्कीले सन् १९५९ मा स्किनरका अवधारणाको खण्डन गरेपछि मनोवादी धारणाको विकास भएको हो । ब्लुमफिल्डको भाषिक दर्शन अनुभववादी दर्शन, व्यवहारवादी मनोविज्ञान र व्यतिरेकी विश्लेषणबाट प्रभावित छ भने चम्स्कीको भाषिक दर्शन बुद्धिवादबाट प्रभावित देखिन्छ । ब्लुमफिल्ड उत्तेजना प्रतिक्रियाबाट भाषा सिकाइ हुन्छ भन्छन् भने चम्स्की बालकले जन्मजात रूपमा ल्याएर आएको भाषा प्राप्ति संयन्त्रका माध्यमबाट सिक्तछ भन्ने मान्यता राख्छन् । ब्लुमफिल्ड भाषामा समानता र भिन्नताहरू हुन्छन् र तिनले भाषासिकाइमा प्रभाव पार्दछ अर्थात् समानता भएमा सिकाइमा त्रुटि कम र भिन्नता भएमा त्रुटि बढी भई सिक्न कठिन हुन्छ भन्छन् भने चम्स्की भाषा सिकाइमा त्रुटि स्वाभाविक पक्ष हो त्रुटि गरेरै सिकाइ हुन्छ भन्ने मान्यता राख्दछन् । ब्लुमफिल्ड भाषा

बानी हो बौद्धिक प्रक्रिया होइन अर्थात् जति अभ्यास गर्‍यो उति भाषा सिकाइमा परिष्कार आउँछ भन्छन् भने चम्स्की भाषा बानी होइन यो संज्ञानात्मक प्रक्रियाबाट हुन्छ भन्ने मान्यता राख्दछन् । ब्लुमफिल्ड भाषा उत्तेजना प्रतिक्रियाबाट अर्थात् यान्त्रिक प्रक्रियाबाट सिकिन्छ भन्छन् भने चम्स्की भाषा यान्त्रिक नभई अर्थपूर्ण हुन्छ भन्ने मान्यता राख्छन् । चम्स्की संसारका सबै भाषाहरूमा केही न केही समानता हुन्छन् अर्थात् भाषिक सार्वभौमिकता हुन्छ जसले भाषासिकाइमा सहज ल्याउने धारणा राखेका छन् जुन ब्लुमफिल्डले उल्लेख गरेका छैनन् । संरचनावादीहरू भाषाको संरचना सिकाए भाषा सिकाइ हुन्छ भन्ने मान्यता राख्दछन् भने मनोवादीहरू संरचनाले मात्र भाषा सिकाइ हुँदैन त्यो अर्थपूर्ण पनि हुनुपर्दछ भन्दछन् । चम्स्कीको अध्ययनको केन्द्र वाक्य हो भने ब्लुमफिल्डको पद हो । संरचनावादीहरू भाषाको बाह्य संरचनाको मात्र अध्ययन गर्छन् भने चम्स्की आन्तरिक र बाह्य दुवै संरचनाको अध्ययन गरी भाषाशिक्षण गर्नुपर्ने धारणा राख्छन् । ब्लुमफिल्ड खण्डीकृत पद्धति प्रयोग गरेर शिक्षण गर्नुपर्नेमा जोड दिन्छन् भने चम्स्की समग्रतावादी पद्धतिको उपयोग गरी शिक्षण गर्नुपर्नेमा जोड दिन्छन् । ब्लुमफिल्ड नियन्त्रित भाषिक वातावरणमा सिकाइ गर्नुपर्ने धारणा राख्छन् भने चम्स्की अनियन्त्रित प्राकृतिक भाषिक वातावरणको उपयोग गरी शिक्षण गर्न सुझाउँछन् । ब्लुमफिल्डले भाषा सिकाइमा व्यवहारवादी मनोविज्ञान अर्थात् स्किनरको व्यवहारवादी शैलीको प्रयोग गरे )ब्लुमफिल्ड, सन् १९३३), भने चम्स्कीले त्यसको आलोचना गर्दै मानिस जन्मजात रूपमा भाषा सिक्न सक्षम हुन्छन् भने )चम्स्की, सन् १९५९)। ब्लुमफिल्ड भाषाको अध्ययन गर्दा केवल पर्यवेक्षणीय, बाह्य तथ्य मा निर्भर रहे भने चम्स्कीले भाषाको आन्तरिक ज्ञान र सार्वभौमिक व्याकरणमा जोड दिए )चम्स्की, सन् १९६५)। यसप्रकार ब्लुमफिल्ड र चम्स्कीका भाषिक दर्शनमा पाइने समानता र भिन्नताहरू दुवै भाषाशिक्षणमा निकै उपयोगी रहेका छन् ।

## ४. निष्कर्ष

भाषा शिक्षणको सिद्धान्तीय जगमा लियोनार्ड ब्लुमफिल्ड र नोम चम्स्कीले महत्वपूर्ण योगदान पुर्‍याएका छन् । ब्लुमफिल्ड र चम्स्की दुवैको योगदान भाषाशास्त्रमा अत्यन्त महत्त्वपूर्ण भए तापनि, उनीहरूको दृष्टिकोण पूर्णतः भिन्न छ । ब्लुमफिल्डले भाषाविज्ञानलाई व्यवहारवादी र वर्णनात्मक पद्धतिबाट अगाडि बढाएका थिए भने चम्स्कीले मानिसको मस्तिष्क र भाषा अधिग्रहण क्षमताको वैज्ञानिक व्याख्याबाट भाषाविज्ञानलाई गहिरो तहमा पुनर्निर्माण गरेका छन् । यी दुई दृष्टिकोणको तुलनात्मक अध्ययनले भाषाशास्त्रको विकासक्रम बुझ्न सहयोग पुर्‍याउँछ । ब्लुमफिल्डको संरचनावादी तथा व्यवहारवादी दृष्टिकोणले भाषा शिक्षणमा अभ्यास, अनुकरण र दोहोराइलाई महत्त्वपूर्ण मानेको छ भने, चम्स्कीको मनोवादी तथा संज्ञानात्मक दृष्टिकोणले भाषा जन्मजात क्षमता र मानसिक प्रक्रियाको उपज हो भन्ने मान्यता दिएका छन् । ब्लुमफिल्डको दृष्टिकोणले व्यवहार र प्रतिक्रियालाई प्रमुख मानेर भाषा शिक्षणलाई यान्त्रिक अभ्यासमा केन्द्रित गराउँछ, जबकि चम्स्कीको सिद्धान्तले विद्यार्थीको आन्तरिक संरचना, रचनात्मकता र मानसिक क्षमतालाई प्राथमिकता दिन्छ । यी दुवै विद्वानका विचारहरू आ–आफ्नो समयमा प्रभावशाली भए पनि आजको सन्दर्भमा भाषा शिक्षणमा समायोजनयुक्त दृष्टिकोण प्रयोग गर्नु उपयुक्त देखिन्छ । शिक्षणको उद्देश्य,

विद्यार्थीको स्तर, भाषिक पृष्ठभूमि र सिकाइ परिवेशका आधारमा ब्लुमफिल्ड र चम्स्कीका दृष्टिकोणहरूको सन्तुलित उपयोग गर्नु प्रभावकारी हुन्छ। तसर्थ, यो तुलनात्मक अध्ययनले देखाउँछ कि भाषा शिक्षणका लागि व्यवहारिकअभ्यास र मानसिक क्षमताको संयुक्त उपयोग आवश्यक छ, जसले सिकाइलाई प्रभावकारी, समावेशी र दिगो बनाउन सहयोग पुऱ्याउँछ ।

**सन्दर्भ सामग्री सूची**


अधिकारी, हेमाङ्गराज (२०६५). *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (चौथो संस्क.). रत्न पुस्तक भण्डार।

ढकाल, शान्तिप्रसाद (२०७०). *सामान्य भाषाविज्ञान*. शुभकामना प्रकाशन प्रा. लि.।

ढकाल, शान्तिप्रसाद (२०७४). *प्रायोगिक भाषाविज्ञान.* पिनाकल पब्लिकेसन प्रा.लि.।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि, न्यौपाने, दीपक र घिमिरे, तुल्सीराम (२०६७). *सामान्य भाषाविज्ञान*. सनलाइट पब्लिकेसन।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपक (२०६८). *भाषाविज्ञानका प्रमुख सिद्धान्त* (दोस्रो सस्क.). विद्यार्थी पुस्तक भण्डार।

न्यौपाने, महेश्वर र घिमिरे, दिनेश (२०७३). *भाषा विज्ञानका प्रमुख सिद्धान्त* (पुनर्मुद्रण). सनलाइट पब्लिकेसन।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय* (चौथो संस्क.). एकता बुक्स।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७३). *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान* (पाँचौ संस्क.). विद्यार्थी पुस्तक भण्डार।

यादव, योगेन्द्रप्रसाद र रेग्मी भीमनारायण (२०५९). *भाषाविज्ञान* (दोस्रो संस्क.). न्यु हिरा बुक्स इन्टरप्राइजेज।

लोहनी, राम (२०७६ वैशाख १४). चम्स्की चर्चा. कान्तिपुर. From https://ekantipur.com/koseli/2019/04/27/155633572429975144.html

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०७६). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (पाँचौँ संस्क.). विद्यार्थी पुस्तक भण्डार।

Almineeai, Aysha (2023).Investigating the Problem of Language Acquisition within the Context of Chomsky's Linguistics Models. *Journal of Harbin Engineering University, 44*(12).

https://www.researchgate.net/publication/377020743_Investigating_the_Problem_of_Language_Acquisition_within_the_Context_of_Chomsky's_Linguistics_Models

Bloomfield, L. (1933). *Language*. Holt, Rinehart & Winston.

Bybee, J. (2010). *Language, usage and cognition*. Cambridge University Press.

Chomsky, N. (1959). A review of B. F. Skinner's Verbal Behavior. *Language, 35*(1), 26–58. https://doi.org/10.2307/411334

Chomsky, N. (1965). *Aspects of the Theory of Syntax*. MIT Press.

Chomsky, N. (1989). *Necessary illusions: Thought control in democratic societies*. South End Press.

Chomsky, N. (2006). *Language and Mind* (3rd ed.). Cambridge University Press.

De Lourdes , R ,Passos, M., & Matos, M. A. (2007). The Influence of Bloomfield's Linguistics on Skinner. *The Behavior analyst*, *30*(2), 133–151. https://doi.org/10.1007/BF03392151

Gleason, H. A. (1961). *An Introduction to Descriptive Linguistics*. Holt, Rinehart and Winston. https://archive.org/details/introductiontode00glea

Hauser, M. D., Chomsky, N., & Fitch, W. T. (2002). The faculty of language: What is it, who has it, and how did it evolve? *Science*, 298(5598), 1569–1579. https://doi.org/10.1126/science.298.5598.1569

Hockett, C. F. (1958). *A Course in Modern Linguistics*. Macmillan. https://archive.org/details/courseinmodernli00hock

Jackendoff, R. (2002). *Foundations of language: Brain, meaning, grammar, evolution*. Oxford University Press.

Lycan, W. G. (2008). *Philosophy of Language: A Contemporary Introduction* (2nd ed.). Routledge.https://www.routledge.com/Philosophy-of-Language-A-Contemporary-Introduction/Lycan/p/book/9781138504585

Lyons, J. (1968). *Introduction to Theoretical Linguistics*. Cambridge University Press. https://archive.org/details/introductiontoth00lyon

Newmeyer, F. J. (1986). *The Politics of Linguistics*. University of Chicago Press. https://press.uchicago.edu/ucp/books/book/chicago/P/bo3773972.html

Pinker, S. (1994). *The language instinct: How the mind creates language*. William Morrow and Company.

Radford, A. (2004). *English Syntax: An Introduction*. Cambridge University Press.

Smith, N. (1999). *Chomsky: Ideas and ideals*. Cambridge University Press